SAMRIDDHI
FOUNDATION




# कम्पनी विधेयक

को

## समिक्षा

www.samriddhi.org

# कम्पनी विधेयक

## को समिक्षा

**प्रकाशक**
समृद्धि फाउण्डेशन
६६४, भिमसेनगोला मार्ग, मिनभवन खरीबोट
काठमाडौं, नेपाल
फोनः (९७७)-१-४४६-४६१६, ४४८-४०१६
फ्याक्स्ः (९७७)-१-४४८-५३९१
ईमेलः info@samriddhi.org
वेबसाईटः www.samriddhi.org

**© समृद्धि फाउण्डेशन**
यस प्रकाशनको सम्पुर्ण अधिकार समृद्धि फाउण्डेशनमा निहित छ। यस संस्थासँग अनुमति नलिई, यस पुस्तकको कुनै पनि अंश कुनै पनि माध्यम प्रयोग गरेर कुनै पनि रुपमा प्रकाशित गर्न, पुनःप्राप्त गर्न सकिने पद्धतिमा संग्रह गर्न र वितरण गर्न पाईने छैन। यसको पुनःप्रकाशन वा पुनःप्रयो गको लागि कुनै जानकारी लिनु पर्ने भएमा माथि दिईएको ठेगानामा समृद्धि, द प्रोस्पेरिटी फाउण्डेशनमा सम्पर्क गर्न सकिनेछ। यस पुस्तकलाई कुनै अन्य कभर वाईण्डिङग हालेर वितरण गर्न पाइने छैन। अन्यको हकमा पनि यही नियम लागु हुनेछ।

# कम्पनी विधेयक

व्यावसायिक सुशासनको सुनिश्चितताका लागि कम्पनी ऐन एक महत्वपूर्ण र प्रमुख पूर्वशर्त हो । यो कम्पनीहरूको दर्तादेखि सञ्चालन र बहिर्गमनसम्मका पक्षहरूलाई नियमन गर्ने कानून हो । कुनै पनि राष्ट्रको सामाजिक तथा आर्थिक परिदृश्यमा कम्पनीहरूको उल्लेखनीय भूमिका रहने हुँदा यस ऐनले उपयुक्त हुने अवस्थासम्म पारदर्शीता तथा संस्थागत प्रशासनको उच्चतम् मानक स्थापित गराउन प्रोत्साहित गरेको हुन्छ ।

यो ऐन कम्पनीहरूमा प्रशासनलाई सुदृढीकरण गर्न तथा सुधारिएको कार्यसम्पादन गर्ने प्रयास गरेको हुन्छ । तर यो ऐन आफैंमा २०० पृष्ठ लामो कानूनी दस्तावेज भएकाले यस ऐनमा समेटिएका प्राविधिक पक्ष तथा जटिलतालाई कुनै पनि उद्यमीले पूर्ण रूपमा नबुझ्ने पनि हुनसक्छ । त्यसैले, उद्यमीहरूले पालना गर्न नसक्ने प्रकारका प्रावधानहरू हटाउँदै उक्त ऐनको आकारलाई पुनरावलोकन गर्नु तथा घटाउनु अपरिहार्य भएको छ ।

साथै, अन्य ऐनको हवाला दिने क्रममा सहजताका लागि 'तोकिए बमोजिम हुने' भनेर कुनै पनि कानूनको तर्जुमा गर्ने सामान्य अभ्यास पच्छ्याउँदै यस ऐनमा पनि ६५ स्थानमा 'तोकिए बमोजिम हुने' भन्ने वाक्यांश उल्लेख भएको पाइन्छ। तर, एउटै ऐनमा यस्ता प्रावधान अत्याधिक मात्रामा हुँदा यसले ऐनको क्षेत्राधिकारलाई थप जटिल बनाइदिन्छ। यसका साथै, ऐनमा 'निर्देशिकामा तोकिए बमोजिम' उल्लेख भएता पनि निर्देशिका नै तयार नभएको अवस्थामा यसले कानूनलाई प्रशासकहरूको तजबिजीमा आश्रित बनाइदिन्छ। यी जटिल, अपारदर्शी तथा व्यक्तिपरक प्रावधानहरूले कुनै पनि लगानीकर्ता/उद्यमीका लागि अति नै महत्वपूर्ण भविष्यको नीतिगत बहसप्रतिको पूर्वानुमान र स्थिरताप्रतिको चेतनालाई घटाउँछ।

ऐनमा भएका अस्पष्टताप्रति हाल यो ऐनका अनुपालना गरिरहेका व्यवसायहरूले सरोकार उठाइरहेको अवस्थामा निजी क्षेत्रको उदयमा भएको वृद्धिलाई दृष्टिगत गर्दा एक आधुनिक, समयानुकूल तथा स्थानीय आवस्यकतालाई सम्बोधन गर्ने कम्पनी ऐन आजको आवश्यकताको रूपमा देखिएको छ। यस दस्तावेजले हाल ऐनमा भइरहेको पुनरावलोकन तथा संसोधनको प्रक्रियामा थप छलफल गर्न वाञ्छनीय रहेका प्रमुख विषयहरूलाई प्रकाश पार्ने उद्देश्य लिएको छ। कम्पनी ऐन २०६३ लाई संसोधन गर्न बनेको विधेयकमा पुनरावलोकन गर्नुपर्ने प्रमुख विषयहरू निम्न बमोजिम रहेका छन्:

## १) कम्पनी रजिष्ट्रारको कार्यालयको अर्ध–न्यायिक भूमिका

कम्पनी रजिष्ट्रारको कार्यालय कम्पनी दर्ता गर्ने, कम्पनीहरूको सठीक तथा अद्यावधिक अभिलेख राख्ने र कम्पनीहरूको प्रशासनको सुनिश्चितता कायम गर्ने र कम्पनी ऐनको कार्यान्वयन गराउने आधिकारिक निकाय हो । तर माथि उल्लेख भएका प्रावधान बमोजिम यस कार्यालयलाई अदालतको प्रक्रिया जस्तै हुने गरी अर्ध–न्यायिक अधिकार तथा प्रक्रियाहरूको प्रत्यायोजन गरिएको छ जसमार्फत् आधिकारिक कारबाहीको आधारको रूपमा प्रयोग गर्न सकिने गरी वस्तुगत रूपमा तथ्यको निर्धारण र निष्कर्ष निकाल्ने अधिकार प्राप्त छ । यस्ता कारबाहीले समस्याअनुरूप उपचार/समाधान गर्ने वा कुनै निश्चित पक्षको अधिकार, कर्तव्य वा विशेषाधिकारलाई असर पर्ने गरी कानूनी जरीवाना लगाउन सक्ने हुन्छ ।

**कम्पनी रजिष्ट्रार कार्यालयका अधिकारीहरूलाई न्यायसम्पादनसम्बन्धी विज्ञताबिना नै न्यायिक काम–कारबाहीहरू गर्ने, कानूनी विषयहरूको समाधान गर्ने अधिकार छ जसले कुनै इच्छाएको निश्चित पक्षको पक्षमा पर्ने गरी परिस्थितिलाई आफ्नो तजबिजीको आधार मा व्याख्या गर्ने जस्ता गलत अभ्यासलाई प्रश्रय दिन सक्छ ।**

माथि उल्लेखित प्रावधानहरूले कम्पनी रजिष्ट्रार कार्यालयका अधिकारीहरूलाई न्यायसम्पादनसम्बन्धी विज्ञताबिना नै न्यायिक काम–कारबाहीहरू गर्ने, कानूनी

विषयहरूको समाधान गर्ने अधिकार प्रदान गर्दछ जसले कुनै इच्छाएको निश्चित पक्षको पक्षमा पर्ने गरी परिस्थितिलाई आफ्नो तजबिजीको आधारमा व्याख्या गर्ने जस्ता गलत अभ्यासलाई प्रश्रय दिन सक्छ। यसले अभेद्य (impenetrable) प्रणालीमा थप भ्रम सिर्जना गर्ने मात्रै नभएर कर्मचारीतन्त्रमा कानूनलाई आफू अनुकूल व्याख्या गर्ने (rent-seeking) र अपारदर्शी अभ्यासलाई पनि बढावा दिन्छ।

यसको एक उदाहरण कम्पनी रजिष्ट्रारको कार्यालयले आफ्नो न्यायिक अधिकारको प्रयोग गर्दै कम्पनी ऐनको दफा १७८ बमोजिम शेयर सदस्यहरूको बैठकलाई अमान्य घोषित गरेको होटल जङ्गल क्याम्पविरुद्ध कम्पनी रजिष्ट्राको कार्यालयको मुद्दा हो । यस मुद्दामा, कम्पनीको रकम दुरूपयोग गरेको आरोपमा कम्पनीका अध्यक्ष र प्रबन्ध निर्देशकलाई पदमुक्त गर्ने विशेष साधारणसभाको निर्णयलाई कम्पनी रजिष्ट्रारको कार्यालयल खारेज गरिदिएको थियो जबकी शुरुमा बहुमतका शेयरधनीहरूलाई उक्त बैठक बोलाउन निर्देशन उक्त कार्यालयले नै दिएको थियो ।

कम्पनी रजिष्ट्रारको कार्यालयको आदेशको विरुद्धमा बहुसङ्ख्यक शेयरधनीहरूले सर्वोच्च अदालतमा रिट निवेदन दर्ता गराएका थिए । उक्त रिटको सुनुवाइ गर्दै सम्मानीय सर्वोच्च अदालतले शेयरधनीहरूसँग विशेष साधारणसभा बोलाउने अधिकार हुने र प्रक्रियासम्मत हिसाबमा सभा बोलाइएको खण्डमा यसको वैधतामा प्रश्न उठाउन नमिल्ने

आदेश जारी गरेको थियो । सम्मानीय सर्वोच्च अदालतले बहुसङ्ख्य शेयरधनीको पक्षमा फैसला सुनाएको थियो र अन्ततोगत्वा कम्पनी रजिष्ट्रारको कार्यालयसँग यस्ता विवादमा न्यायसम्पादन गर्ने अधिकार नरहेको निर्णय गरेको थियो । माथिका प्रावधानहरू आफैँमा अस्पष्ट मात्रै छैनन् अपितु यस्ता प्रावधानले उद्यमीहरूमा निराशासमेत पैदा गराउँदछ । र, यस्ता अस्पष्ट प्रावधानहरू हुँदा कम्पनी रजिष्ट्रारको कार्यालयका अधिकारीहरूले निजहरूको अधिकार को दुरूप्रयोग पनि गर्न सक्छन् ।

## सुझाव

तसर्थ, कम्पनी ऐनले हाल अभ्यासमा रहेका सबै न्यायिक अधिकारहरूको खारेजी गर्नुपर्दछ । न्यायोचित तथा निष्पक्षताको उपयुक्त अनुभूतिका लागि कम्पनी ऐन बमोजिम आउने सबै प्रकारका विवादमा न्यायसम्पादन गर्ने क्षेत्राधिकार उच्च अदालतमा भएको व्यावसायिक इजलाससँग सुरक्षित रहने प्रावधान कम्पनी ऐनमा स्पष्ट रूपमा उल्लेख हुनुपर्दछ ।

## २) अनुपयुक्त जरिवाना, सजाय तथा उजुरी (अपिल)

विद्यमान ऐनको दफा ८१को उप–दफा (१) र उप–दफा (२)मा कम्पनीका सञ्चालकले बुझाउनु पर्ने दस्तावेजहरू समयमा बुझाउन नसकेमा हुने जरिवाना तोकिएको छ। जरिवानाको रकम गणना गर्दा कम्पनीको चुक्ता पूँजीको आधारमा निर्धारण गरिन्छ। यसरी तोकिने जरिवानाको रकम छोटो अवधिमा नै पुनः थपिदै थपिदै जाने हुँदा सामान्य उद्यमीले धेरै रकम जरिवाना स्वरूप तिर्नु पर्ने तथा निषेधाज्ञासमेत बेहोर्नु पर्ने अवस्था आउँछ। यी दुवै अवस्था व्यवसायका लागि घातक हुन्।

त्यसैगरी, दफा १६० बमोजिम कम्पनीका सञ्चालक वा पदाधिकारीहरूको दायित्व बढाइएको छ र बचावका अवसरहरू पनि प्राप्त छैनन्। यसले रणनीतिक तथा जोखिमपूर्ण निर्णय लिने कम्पनीका सञ्चालकको क्षमतामा ह्रास ल्याउँदछ। साथै, यसले योग्य दक्ष व्यक्तिहरूलाई सञ्चालक समितिमा सामेल हुन पनि गाह्रो बनाउन सक्छ।

**वर्षैपिच्छे बढ्दै जाने जरिवानाको मोटो रकम तिर्नु पर्ने त्रासका कारण धेरै कम्पनीहरूले आफ्ना कारोबार बन्द गरे पनि कम्पनी खारेजी गर्दैनन्। यसरी निरन्तर बढ्ने खारेजीको खर्चले बढ्न नसक्ने वा आफ्नो ऋणको साँवा तिर्न नसक्ने र अनिच्छित रूपमा सञ्चालनमा रहिरहने "निरस उद्यम"** (zombie firms) **को उदयलाई बल प्रदान गर्दछ।**

साथै, कम्पनीका दस्तावेजहरू बुझाउन नसक्नु कुनै पनि कम्पनीको आन्तरिक मामिला हो र यसले कुनै पनि प्रकार बाट सार्वजनिक हितमा खलल पुऱ्याउँदैन । यी दण्डात्मक प्रावधानहरू नितान्तः अनुशासनात्मक प्रयोजनका लागि लागू गरिएका हुन भन्ने मत राख्न सकिएला तर यसले प्रत्येक शीर्षक अन्तर्गत तोकिएका जरिवानाको मोटो रकमको औचित्यलाई पुष्टि गर्दैन । तसर्थ, कम्पनीहरूलाई आफ्नै निर्णयहरू बुझाउन ढिलाइ गरेकोमा जरिवाना लगाउनु कुनै पनि सरकारको लागि तर्कसङ्गत हुँदैन । आर्थिक वर्ष २०७४/७५मा १,९२,१६४ कम्पनीमध्ये ५१,०१३ वटा कम्पनीले ऐनको दफा ८१ बमोजिम आफ्ना विवरण, सूचना वा जवाफ उपलब्ध गराउन सकेनन । यत्तिका धेरै कम्पनीहरूले यस्तो कानूनी प्रावधानको अवज्ञा गर्न चाहेको अवस्था यो पक्कै होइन अपितु यस्ता प्रावधानका बारेमा यी कम्पनीहरू अनभिज्ञ रहेको अवस्था हो जसको कारण धेरै कम्पनीबाट यी शर्तहरूको अन्जानमा अवज्ञा भएको, पछाडि धकेलिएको र उल्लंघन भएको हो ।

त्यसैगरी, वर्षैपिच्छे बढ्दै जाने जरिवानाको मोटो रकम तिर्नु पर्ने त्रासका कारण धेरै कम्पनीहरूले आफ्ना कारोबार बन्द गरे पनि कम्पनी खारेजी गर्दैनन् । यसरी निरन्तर बढ्ने खारेजीको खर्चले बढ्न नसक्ने वा आफ्नो ऋणको साँवा तिर्न नसक्ने र अनिच्छित रूपमा सञ्चालनमा रहिरहने 'निरस उद्यम' (zombie firms) को उदयलाई बल प्रदान गर्दछ । तसर्थ अधिकांश अवस्थामा यस्ता निरस उद्यमहरूलाई बजारबाट बाहिरिन गाह्रो हुन्छ । यो सबैको बीचमा,

एक अप्रतिस्पर्धी कम्पनीलाई खारेजीमा लानेभन्दा खारेजीमा लाग्ने अत्याधिक खर्चका लागि अनिच्छापूर्वक सञ्चालन गरिराख्ने रूझानले अर्थतन्त्रको औसत समग्र उत्पादकत्वलाई घटाउँछ भन्ने तथ्यउपर सरकारले ध्यान दिन चुकेको छ। यी निरस उद्यमहरूले बजार हिस्सा ओगट्ने हुँदा तथा सफलतम र गतिशील उद्यमहरूका लागि उपलब्ध हुनसक्ने अपर्याप्त स्रोतहरूलाई बन्धक बनाउने हुँदा यस्ता उद्यमहरू अर्थतन्त्रका लागि हानिकारक हुन्छन्।

व्यापार व्यवसायको बहिर्गमनका झन्झटिलो अवस्थालाई मध्यनजर गर्दै नेपाल सरकारले सन् २०१६मा निष्क्रिय कम्पनीहरूलाई आफ्नो चुक्ता पूँजीको १ प्रतिशत वा तोकिएको शुल्क (जुन कम हुन आँउछ, सोही रकम) को एक वर्षभित्रमा भुक्तानी गरी आफ्नो दर्ता खारेजी गर्ने विशेष प्रावधान ल्याएको थियो। यी दुई वर्षको अवधिमा ५४६ कम्पनीहरूले आफ्नो दर्ता खारेजी गरे जुन हालसम्म दर्ता खारेजीमा गएका कम्पनी (२,३४८)को २३ प्रतिशत हो। यस तथ्याङ्कले यदि असफलतालाई पनि सहयोग गर्ने र सजाय नदिने संसोधन लागू गरिएमा व्यापारिक वातावरणमा बहिर्गमनको रणनीतिले गति पाउने र शायद कम्पनी बहिर्गमनको हकमा थप गतिशीलता प्राप्त हुने देखिन्छ।

यसरी मोटो रकमको जरिवाना लगाउनु पछाडिको मूलभूत पक्ष पारदर्शीता र उपयुक्त हुने स्वस्थ उपायहरूको अवलम्बन् भएता पनि कम्पनी रजिष्ट्रारको कार्यालयले जरिवाना लगाउने यी प्रावधानको फाइदा उठाइरहेको जस्तो

प्रतीत हुन्छ । तसर्थ, कम्पनी रजिष्ट्रारको कार्यालयले आफ्नो ध्यान व्यवसायहरूलाई जरिवाना लगाउने र अभियोजन गर्ने भन्दा पनि आफ्नो अभिलेखलाई अद्यावधिक गर्ने तर्फ विचार पुऱ्याउनु पर्दछ ।

## सुझाव

जरिवाना, सजाय तथा उजुरीको विद्यमान प्रावधानलाई कम्पनीहरू उपरको लागतको बोझलाई कम गराउनका लागि संसोधन गरिनुपर्दछ । जरिवानाका सबै संयन्त्रहरूलाई हटाउन नसकिए पनि जरिवाना तिर्ने अवधिलाई लम्ब्याउन वा जरिवानाको रकमलाई घटाउन सकिन्छ ।

त्यसैगरी, यदि कम्पनीहरूलाई लागू भएका प्रावधानका बारेमा जानकारी नभएमा उनीहरूको कम्पनी खारेजीमा पर्न सक्ने व्यहोरासहितको दफा १३६ को उपदफा (१) को उप–खण्ड (ख) लाई खारेजी गरिनुपर्दछ । त्यसैगरी, निष्क्रिय कम्पनीहरूको दर्ता खारेजी गर्ने विशेष प्रावधानको समयावधिलाई बढाइनु पर्दछ वा यस्तै प्रावधान ऐनमा समावेश गरिनुपर्दछ । साथै, कम्पनी र सञ्चालकहरू भिन्न भिन्न भएको हुनाले ऐनले यो अवधारणालाई अनुसरण गर्नुपर्दछ र कम्पनीले गर्न नसक्ने अनुपालनाका लागि सञ्चालकलाई जिम्मेवार बनाइनु हुँदैन ।

## ३) दस्तावेज बुझाउँदा हुने पुनरावृत्ती

नेपालमा दर्ता भएका कम्पनीहरूले एउटै दस्तावेज एकभन्दा बढीपटक बुझाउनु तथा पेश गर्नुपर्ने हुन्छ – वित्तीय विवरण तथा लेखापरीक्षकको प्रतिवेदन कम्पनी रजिष्ट्रारको कार्यालय र आन्तरिक राजस्व कार्यालयमा बुझाउनु पर्दछ । आयकर ऐन २०५८ बमोजिम, प्रत्येक कम्पनीले आफ्नो करको विवरण र वित्तीय विवरणसहितको लेखापरीक्षणको प्रतिवेदन आन्तरिक राजस्व कार्यालयमा वार्षिक रूपमा बुझाउनु पर्दछ । कम्पनीले आन्तरिक राजस्व कार्यालयमा बुझाएकै दस्तावेजलाई कम्पनी रजिष्ट्रारको कार्यालयमा वित्तीय प्रावधानको अनुपालनाका लागि बुझाउनु पर्दा यो प्रक्रिया आफैमा व्यर्थ र अनावश्यक हुन जान्छ। आन्तरिक राजस्व कार्यालय र कम्पनी रजिष्ट्रारको कार्यालय दुवैका नियमहरूलाई समान रूपमा अनुपालना गर्नुपर्ने भएकाले यसले घरेलु र विदेशी दुवै प्रकारका उद्यमीहरूको आर्थिक तथा समयको लागतलाई बढाइदिन्छ। साथै, कुनै पनि कम्पनीका लागि विवरण बुझाउनु पर्ने असङ्ख्य

**जरिवाना लगाउने विषयमा निर्दयी पद्धतिको अनुसरण गर्न सम्बन्धित निकाय निपुण छन् र यस्ता विवरण बुझाउने शर्तको अनुपालना नगर्ने कम्पनीलाई मोटो जरिवाना तोकिने गरिन्छ ।**

शर्तहरूको अनुपालना आफैंमा अनावश्यक छ। जरिवाना लगाउने विषयमा निर्दयी पद्धतिको अनुसरण गर्न सम्बन्धित निकाय निपुण छन् र यस्ता विवरण बुझाउने शर्तको अनुपालना नगर्ने कम्पनीलाई मोटो जरिवाना तोकिने गरिन्छ।

## सुझाव

विवरण बुझाउने शर्तको पुनरावृत्ती र त्यससँगै जोडिएर आउने अनुपालना नगर्दाको कम्पनीले बोक्नु पर्ने दायित्वले उद्यमीहरूको समय र लागत बढाउने सम्भावना हुन्छ। त्यसैले, दस्तावेजहरूलाई आन्तरिक राजश्व कार्यालयमा मात्रै दाखिला गराउने र कम्पनी रजिष्ट्रारको कार्यालयमा दाखिला गराउनु नपर्ने प्रावधान ल्याइनु वाञ्छनीय रहेको छ। यसका लागि कम्पनी ऐनको दफा ८० र १५६को खारेज गरिनुपर्दछ।

## ४) स्वेच्छाले गरिने कम्पनीको खारेजीका लागि अनिवार्य रूपमा समापक (लिक्वीडेटर) नियुक्ति गर्नुपर्ने प्रावधान

यी विषयमा, कुनै पनि कम्पनीलाई स्वेच्छाले खारेजी गर्दा लिक्वीडेटरको अनिवार्य नियुक्तीले बहिर्गमन गर्न इच्छुक कम्पनीको खोरजीको लागत बढ्न जान्छ । यसरी खारेजीमा जाने कम्पनी विभिन्न आकारको हुनसक्छन् र सोहीअनुरूप उनीहरूले लिने समय र लागत पनि फरक–फरक हुन्छ। अधिकांश अवस्थामा, लघु उद्यमहरू लिक्वीडेटर लाई नियुक्ती गर्न असक्षम हुन्छन् । लघु उद्यमको परिभाषा देशगत रूपमा भिन्न भिन्न हुने र अधिकांश एशियाली मुलुकहरूमा पाँचदेखि दश जना कर्मचारी भएका कम्पनीलाई लघु उद्यमको रूपमा परिभाषित गरिएको भएता पनि यस्ता कम्पनीहरूको पूँजी सानो हुने, एकल स्वामीत्व वा सीमित सङ्ख्यामा शेयरधनी भएका हुन्छन् । शेयरधनीको सङ्ख्या थोरै हुँदा र पूँजीको आकार पनि सानो हुँदा साना कम्पनीलाई आफ्नो ऋणसँग जोडिएका विषयलाई लेखापरीक्षक मात्रैको सहयोगमा आपसमा मिलाउन सजिलो हुन्छ । तसर्थ, यदि कम्पनीको आकार सानो भएमा, लघु उद्यमहरूले आफ्नो सम्पत्ति तथा

**शेयरधनीको सङ्ख्या थोरै हुँदा र पूँजीको आकार पनि सानो हुँदा साना कम्पनीलाई आफ्नो ऋणसँग जोडिएका विषयलाई लेखापरीक्षक मात्रैको सहयोगमा आपसमा मिलाउन सजिलो हुन्छ ।**

दायित्व लेखापरीक्षकको प्रतिवेदनअनुसार वितरण लिक्वीडेटरको सहयोगबिना नै सजिलै गर्न सक्छन् र यस्तो अवस्थामा लिक्वीडेटरको नियुक्तीले यस्ता साना कम्पनीको बहिर्गमनको लागतलाई बढाउने भन्दा अन्य कुनै अर्थ राख्दैन ।

त्यसैगरी, कुनै पनि कम्पनी खारेजी प्रक्रियामा जाँदा, प्रक्रियाको लागतलाई सम्पत्ति वितरण गरेर भुक्तानी गरिन्छ । लिक्वीडेटरलाई तिर्ने शुल्कमा ठूलो रकम कम्पनीबाट बाहिरिन्छ । यस्ता अवस्थामा, खारेजीको समयसीमा तोकिएको भएता पनि, यदि कुनै कारणवश खारेजीको प्रक्रिया पूरा नभएमा लिक्वीडेटरले प्रक्रियालाई लम्ब्याउन पनि सक्छन् । यसो हुँदा लिक्वीडेटरले समयसीमालाई तोडमोड गर्दै निश्चित रकम लिन खोज्छन् र अन्ततः कम्पनी खारेजीमा जाँदा वास्तविक लाभग्राही लिक्वीडेटर हुन पुग्छन् ।

## सुझाव

लघु उद्यमहरूको स्वेच्छिक खारेजीका लागि पनि अनिवार्य रूपमा लिक्वीडेटरको नियुक्ती गर्नुपर्ने प्रावधानलाई स्वेच्छिक नियुक्तीको प्रावधानले प्रतिस्थापन गर्नुपर्ने आवश्यकता रहेको देखिन्छ । साथै, लिक्वीडेटरले आफ्नो तजबिजीमा खारेजीको समयसीमालाई सजिलै बढाउन नसक्ने प्रावधानको पनि आवश्यकता देखिन्छ ।

तसर्थ, निश्चित आकारका साना उद्यमहरूलाई उचित समयावधिमा र मितव्ययी रूपमा बजारबाट बाहिरिन सहयोग पुग्ने यस्ता कानूनी प्रावधान जरुरी मात्रै नभएर आर्थिक समृद्धिका अनिवार्य आवश्यकता पनि हुन् । त्यसैले, आर्थिक समृद्धिको प्रवर्द्धन गर्न प्रतिवद्ध कम्पनी ऐनमा 'सहज' प्रवेश तथा बहिर्गमनका लागि स्पष्ट र सरल प्रावधानहरू राख्नु वाञ्छनीय रहेको छ ।

## ५) सूचना–प्रविधिसँग जोडिएका पक्षहरूको अस्पष्टता

यस ऐनले कम्पनी रजिष्ट्रारको कार्यालयमा दस्तावेजको अनलाइन अभिलेखीकरणलाई मान्यता प्रदान गर्ने र कार्यान्वयन गर्ने कानूनी आधार प्रदान गरेको छ । तर यदि प्रणालीमा कुनै खराबी आएमा यी दस्तावेजहरूलाई कसरी बुझाउने विषयमा स्पष्टता छैन । माथि उल्लेखित प्रावधानअनुरूप, 'तोकिए बमोजिम' वाक्यांशले स्पष्टता र सुनिश्चतताको कमीलाई सङ्केत गरेको छ। यदि अनलाइन प्रणालीमा कुनै खराबी आएमा त्यसको विकल्प मुद्रित प्रति बुझाउने नै हुन्छ भन्नेमा दुईमत छैन । परिणामस्वरूप, भौतिक प्रति राखेर गरिने अभिलेखीकरणलाई पूर्ण रूपमा उन्मूलन गर्न सकिदैन । सरकारले भैपरि आउने अवस्थाका लागि आकस्मिक योजना ल्याउनका लागि तयारी गरिरहेको भएता पनि अनलाइन प्रणालीको विकल्पले भौतिक वा मुद्रित प्रति बुझाउने प्रणालीलाई ब्युँताउने हुँदा यो कदम आफैँमा प्रतिगामी कदम ठहरिने छ ।

**सरकारले भैपरि आउने अवस्थाका लागि आकस्मिक योजना ल्याउनका लागि तयारी गरिरहेको भएता पनि अनलाइन प्रणालीको विकल्पले भौतिक वा मुद्रित प्रति बुझाउने प्रणालीलाई ब्युँताउने हुँदा यो कदम आफैँमा प्रतिगामी कदम ठहरिने छ ।**

## सुझाव

प्रणालीको विद्युतीकरण (डिजिटाइजेसन) गर्ने मामिलामा प्रतिगामी जस्तो प्रतीत हुने कुनै पनि वाक्य वा प्रावधानलाई सरकारले खारेज गर्नुपर्दछ। तर, यदि अनलाइन प्रणालीमा केही समस्या आएमा सरकारले अनलाइन प्रणालीमा दस्तावेज पेश गर्ने समयसीमा बढाउने सम्बन्धमा तत्कालै सूचना वा परिपत्र जारी गर्न सक्छ । यसो गर्नाले डिजिटाइजेसन अवलम्बन् गर्ने सकारको उद्देश्यबाट सरकार विमुख हुँदैन ।

## ६) कम्पनीको प्रबन्धपत्र तथा नियामावली तयार पार्ने झन्झटिलो प्रक्रिया

कम्पनी दर्ता गर्ने प्रक्रियामा काफी धेरै कागजातहरू तर्जुमा तथा पेश गर्नुपर्ने हुन्छ । कुनै पनि व्यक्तिका लागि कम्पनी दर्ता गर्ने दौरानमा कम्पनीको प्रबन्धपत्र तथा नियमावलीको तर्जुमा उल्लखनीय समय तथा लागत लाग्ने कुरा हो । विश्व बैंकको अनुसार, यी कागजातको तयारी गर्दा रु. १०,००० र ५ दिनसम्मको समय लाग्ने गर्दछ, जुन एक औसत उद्यमीका लागि कुल लागत र समयको एक ठूलो हिस्सा हो ।

कम्पनी रजिष्ट्रारको कार्यालयमा कागजात पेश गर्नुपूर्व कुनै पनि व्यावसायिक पर ीक्षण वा प्रमाणीकरण गर्नु पर्ने अनिवार्यता हटेतापनि, व्यावहारिक रूपमा, उद्यमीहरूले कम्पनीको प्रबन्धपत्र तथा नियमावलीको तर्जुमा तथा परीक्षणका लागि कानून व्यवसायी वा कानूनकर्मीहरूको सहयोग लिने क्रम जारी रहेको पाइन्छ । यस्तो अभ्यास कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा कुनै पनि गल्ती नहोस् भन्नाका लागि गरिन्छ किनभने सरकारले उपलब्ध गराउने ढाँचा एक सामान्य मानिसले सजिलै बुझ्न सक्ने गरिको हुँदैन ।

**विश्व बैंकको अनुसार, यी कागजातको तयारी गर्दा रू. १०,००० र ५ दिनसम्मको समय लाग्ने गर्दछ, जुन एक औसत उद्यमीका लागि कुल लागत र समयको एक ठूलो हिस्सा हो ।**

यी कागजातमा उल्लखनीय मात्रामा कानूनी शब्दावलीहरू हुने हुँदा उद्यमीहरूले कानून व्यवसायीको सहयोग लिनै पर्ने अवस्था सिर्जना हुन्छ । यी कानूनी शब्दावलीलाई कम्पनी ऐनका दफा (२)मा परिभाषित गरिएको भएता पनि कम्पनी शुरु गर्नुपूर्व कुनै पनि उद्यम गर्ने आकांक्षीले २०० पृष्ठ लामो ऐन पढ्ने सम्भावना न्यून हुन्छ ।

यसका साथै, कम्पनीको प्रबन्धपत्रमा उल्लेख हुने प्रमुख शीर्षकहरू – कम्पनीको नाम, रजिस्टर्ड कार्यालयको ठेगाना, उद्देश्य, शेयर र शेयरधनीसँग सम्बन्धित पक्षहरू कम्पनीको नियमावलीमा पनि उल्लेख गरिने हुँदा कम्पनीको प्रबन्धपत्र बनाउनु अतिरिक्त कामको रूपमा देखा पर्दछ । तसर्थ, एउटै विवरण उल्लेख हुने दुईवटा दस्तावेजको तर्जुमाले एक औसत उद्यमीको अनुपालनाको खर्चलाई बढाउने काम मात्रै गर्दछ ।

## सुझाव

सरकारले कम्पनीको नियमावलीको ढाँचा उपलब्ध गराउँदा कानूनी शब्दावलीको परिभाषा तथा व्याख्या गर्ने एक अनुसूचीसहित उपलब्ध गराउनु पर्दछ । यसो गर्नाले सम्भावित लगानीकर्ताले आधारभूत जानकारीहरू आफैंले भर्न सक्छन् जसले अतिरिक्त कानूनी सहायता लिने आवश्यकतालाई नै निर्मूल पार्नेछ ।

त्यसैगरी, कम्पनीको प्रबन्धपत्र तथा नियमावलीलाई एउटा मात्रै दस्तावेज अर्थात कम्पनीको नियमावलीले प्रतिस्थापन गरिनु पर्दछ । यस्ता कार्यले दर्ता प्रक्रियालाई चुस्त तथा मितव्ययी बनाउँछ ।

## ७) वैदेशिक व्यवसायको दर्ता

विद्यमान कानूनी प्रावधानहरूमा कुनै पनि विदेशी कम्पनीलाई कानूनी रूपमा नेपालमा कुनै पनि कारोबार गर्नका लागि नेपालमा शाखा कार्यालय हुनुपर्ने पूर्वशर्त राखिएको छ। यो व्यवस्था नेपालको कर प्रशासनको एक उपज हो जसअर्न्तगत कुनै पनि व्यवसायलाई करको दायरमा समेट्नका लागि उक्त व्यवसायको भौतिक कार्यालय नेपालमा हुनुपर्दछ। सोही व्यवस्थाअनुरूप, कुनै पनि विदेशी कम्पनीलाई नेपालमा कारोबार गर्नका लागि नेपालमा शाखा कार्यालय हुनुपर्ने पूर्वशर्त लागू गरिएको हो ।

**प्रविधिमा हालै आएका द्रूत परिवर्तनका परिदृश्यलाई हेर्दा यो ऐन प्रभावकारी भएको देखिदैन ।**

प्रविधिमा हालै आएका द्रूत परिवर्तनका परिदृश्यलाई हेर्दा यो ऐन प्रभावकारी भएको देखिदैन। अनलाइन व्यवसायको उदयले केही अद्भूत कामहरू भएका छन् जसमध्येको सबैभन्दा लोकप्रिय पक्ष कुनै पनि भौतिक उपस्थितिबिना इन्टरनेटमा व्यवसाय गर्न सक्ने क्षमता हो । यो पद्धतिमा टेकेर धेरै अन्तरदेशीय कारोबार र व्यापार फस्टाइरहेका छन् तर नेपाल सरकारले भौतिक रूपमा अनुपस्थित निकायलाई करको दायरमा समेट्न नसक्ने

भएको हुँदा यसले कम्पनीहरूलाई, विशेषगरी विदेशी कम्पनीहरूलाई नेपालमा शाखा कार्यालयमार्फत् दर्ता हुने पूर्वशर्त अघि सारेको छ । यसले विदेशी कम्पनीहरूलाई नेपालमा शाखा कार्यालयको स्थापना गर्ने अनावश्यक बोझ बोकाइदिएको छ जसले उनीहरूको लागतलाई त बढाउँछ नै र शायद केही हदसम्म यस्ता कम्पनीलाई नेपाली बजारमा प्रवेश गर्न हतोत्साहित पनि गर्दछ ।

नेपाल सरकारले बजेट भाषणमा उल्लेख गरे झैँ नवीनतम् सोच भएका व्यापार तथा उपायहरूलाई समृद्ध हुने वातावरण तयार पार्ने उद्देश्य लिएको भएता पनि नेपालको आफ्नै कडा र पुराना कानून यसमा बाधक रहेका छन् ।

## सुझाव

यूरोपियन कमिसनले भौतिक उपस्थितिभन्दा पनि उपभोक्तासँग भएको अन्तर्क्रियाको आधारमा कर लगाउने परिस्कृत पद्धति सुझाएको छ । अनलाइन व्यवसायहरू फस्टाइरहेको यो युगमा, अझ भनौं उपभोक्ताको हित वृद्धि भइरहेको समयमा यस्ता प्रकृतिका व्यवसायहरूको व्यापारमा वृद्धि गर्ने किसिमका प्रावधानहरू हाम्रा कानूनमा समेटिनु पर्दछ । वर्तमान अवस्थालाई मध्यनजर गर्दा, उपभोक्तासँगको अन्तर्क्रियाका आधारमा लगाइने कर नै सबैभन्दा उपयुक्त विधि हुनसक्छ ।

## ८) प्रिमियम मूल्यको शेयर जारी गर्न सकिने

कुनै पनि शेयरको अङ्किक मूल्यभन्दा बढी मूल्यमा बिक्री हुने गरी शेयर जारी गर्नु व्यवसायको विस्तारलगायतका विभिन्न प्रयोजनका लागि प्रयोग हुने अति आवश्यकीय पूँजी आर्जन गर्ने एक माध्यम हो । प्रिमियम मूल्यमा शेयर बिक्री गर्नु भनेको समयसँगै शेयर जारी गर्ने कम्पनीले ख्याति, प्रतिष्ठा कमाएको, ब्राण्ड स्थापित गरेको वा कम्पनीको वित्तीय विवरणमा नझल्कने अन्य अभौतिक/अमूर्त लाभहरू प्राप्त गरेको छ भन्ने बुझिन्छ । साथै, कुनै पनि लगानीकर्ताले प्रिमियम मूल्यमा शेयर खरिद गर्नुको अर्थ शेयर जारी गर्ने कम्पनी बजारमा रहेको प्रतिष्ठा र अस्तित्वले पुष्टि गर्ने एक मुनाफा आर्जन गर्न सक्ने कम्पनी हो भनेर विश्वास गर्नु हो । स्वभावत: कुनै पनि लगानीकर्ताले लगानी गर्दा सुसूचित भएर मात्रै लगानी गर्छन् ।

नेपालको कानूनी शासन पद्धतिमा रहेका कम्पनीसम्बन्धी नियमले प्रिमियम मूल्यमा शेयर जारी गर्न सक्ने अधिकार दिएको छ तर यसरी प्रिमियम मूल्यमा शेयर जारी गर्दा

**प्रिमियम मूल्यमा शेयर जारी गर्नका लागि कम्पनीले लगातार तीन वर्षसम्म मुनाफामा सञ्चालन भई लाभांश वितरण गरेको हुनुपर्ने प्रावधानमार्फत कम्पनी ऐनले व्यवसायहरूलाई लगानीकर्तामाझ मुनाफा आर्जन गर्न सक्ने यथोचित विश्वास जगाउन सक्ने गरी अन्य पक्षहरूको लाभ लिने कुराबाट वञ्चित गरेको छ ।**

विद्यमान कम्पनी ऐनको दफा २९का दुईवटा शर्तहरू आकर्षित हुन आउँछन् । प्रिमियम मूल्यमा शेयर जारी गर्न साधारण सभामार्फत् शेयरधनीहरूले अनुमोदन गर्नुपर्ने शर्तको तात्पर्य बुझ्न सकिन्छ र सञ्चालक समितिले लिएको निर्णय शेयरधनीहरूको हितमा छ भनेर सुनिश्चित गर्नका लागि शायद यो जरुरी पनि छ तर लगातार तीन वर्षसम्म कम्पनी मुनाफामा सञ्चालन हुनुपर्ने व्यहोराको पूर्वशर्त भने अनावश्यक जस्तो देखिन्छ । लगानीकर्ताहरूले कुनै पनि कम्पनीको शेयरमा लगानी गर्नु भनेको व्यवसायले कमाएको मुनाफाको प्रतिफल मात्रै नभई कम्पनीको ख्याति र कम्पनी लगानी गर्नका लागि योग्य छ भने यथोचित विश्वासको द्योतक पनि हो । यसरी गरिने विश्वास बजार हिस्साले प्रदर्शित गर्ने बजारमा कम्पनीको विद्यमान अवस्था, व्यवस्थापनको क्षमता, कम्पनी सञ्चालनमा आएको समयावधि, भावी कार्यदिशालगायतका विभिन्न पक्षको संयोजनको प्रतिफल हो ।

प्रिमियम मूल्यमा शेयर जारी गर्नका लागि कम्पनीले लगातार तीन वर्षसम्म मुनाफामा सञ्चालन भई लाभांश वितरण गरेको हुनुपर्ने प्रावधानमार्फत कम्पनी ऐनले व्यवसायहरूलाई लगानीकर्तामाझ मुनाफा आर्जन गर्न सक्ने यथोचित विश्वास जगाउन सक्ने गरी अन्य पक्षहरूको लाभ लिने कुराबाट वञ्चित गरेको छ । भारतको सन् २०१३को कम्पनी ऐनले प्रिमियम मूल्यमा शेयर जारी गर्ने मामिलामा त्यस्तो कुनै पूर्वशर्त राखेको छैन । शेयर जारी गर्ने सिलसिलामा पूर्वशर्त निर्धारण गर्ने जिम्मेवारी यस काममा दक्ष भारतीय धितोपत्र तथा विनिमय बोर्डलाई सुम्पिइएको छ । कम्पनी ऐ

न कम्पनीको नियमनसँग जोडिएर आउने एक व्यवहारिक कानून मात्रै हो । शेयर जारी गर्नु कम्पनीको एक कार्यात्मक पक्ष हो जसलाई भारतीय धितोपत्र तथा विनिमय बोर्ड जस्तै एक दक्ष निकायबाट जारी हुने निर्देशिकामार्फत् अझ परिस्कृत रूपमा नियमन गर्न सकिन्छ । साथै, प्राथमिक शेयर जारी गर्ने नियमहरू कुनै पनि अर्थतन्त्रको लगानीको वातावरणको बिम्ब हुन् र यस्ता नियमहरूलाई सामयिक तथा आवधिक पुनरावलोकन तथा नियमित संसोधनको खाँचो पर्दछ । यी कारणले गर्दा, प्रिमियम शेयर जारी गर्ने प्रक्रियालाई निर्देशिकाहरू मार्फत् नियमन गरिन्छ, न कि प्राथमिक कानूनमार्फत् ।

## सुझाव

कम्पनी ऐनमा प्रिमियम मूल्यमा शेयर जारी गर्नका लागि पूर्वशर्तहरू तोक्नुभन्दा यस विषयमा निर्देशिका जारी गर्ने जिम्मेवारी शेयर जारी गर्ने मामिलाको नियामक तथा दक्ष निकाय नेपाल धितोपत्र बोर्डलाई प्रदान गर्नु एक परिस्कृत पद्धति हुन्छ ।

## ९) अन्तरसम्बन्धित कानूनहरूबीचको असङ्गति

कम्पनीले बहुसङ्ख्यक कानूनको पालना गर्नुपर्ने हुन्छ । यस्ता कानूनहरू कर, कम्पनीको दर्ता, श्रम कानून, वैदेशिक लगानी र उद्योगसँग सम्बन्धित हुन्छन् । तसर्थ, एकनासका मापदण्ड कायम राख्न र उद्यमशीलतालाई बढावा दिन सक्ने गरी अनुपालनाको लागत कम गर्ने गरी यी सबै कानूनहरूबीचमा सङ्गति हुनु आवश्यक हुन्छ । कम्पनी ऐनको संसोधनका लागि गरिएको प्रस्तावमा पनि यस्ता असङ्गगतिहरू छन् ।

माथि उल्लेखित संसोधनमा भएका दफाहरूमा २५ लाखभन्दा कम कारोबार हुने कम्पनीहरूले लेखापरीक्षकको नियुक्ती गर्नु नपर्ने र लेखापरीक्षणको प्रतिवेदन पनि बुझाउनु नपर्ने प्रावधान राखिएको छ । लेखापरीक्षकको नियुक्ती गर्न तथा लेखापरीक्षणको प्रतिवेदन तयार पार्न मोटो रकम तिर्नुपने साना आकारका कम्पनीका लागि यो प्रावधान राहतको विषय जस्तो लागे

**विद्यमान आयकर ऐन २०५८ बमोजिम लेखापरीक्षणको प्रतिवेदन तर्जुमा गर्नैपर्ने हुन्छ । फलस्वरूप, साना कम्पनीहरूले लेखापरीक्षकको नियुक्ति गर्नुपर्ने हुन्छ । तसर्थ, राहत लेखापरीक्षणको प्रतिवेदन बुझाउनु नपर्ने मामिलामा मात्रै लागू हुन्छ, लेखापरीक्षणको प्रतिवेदन बनाउनु नपर्ने अवस्थामा मान्य हुँदैन ।**

पनि वास्तवमा स्थिति भिन्न रहेको छ । कम्पनी रजिष्ट्रारको कार्यालयको कार्यालयमा लेखापरीक्षणको प्रतिवेदन पेश गर्नु नपरे पनि विद्यमान आयकर ऐन २०५८ बमोजिम लेखापरीक्षणको प्रतिवेदन तर्जुमा गर्नैपर्ने हुन्छ। फलस्वरूप, साना कम्पनीहरूले लेखापरीक्षकको नियुक्ति गर्नुपर्ने हुन्छ । तसर्थ, राहत लेखापरीक्षणको प्रतिवेदन बुझाउनु नपर्ने मामिलामा मात्रै लागू हुन्छ, लेखापरीक्षणको प्रतिवेदन बनाउनु नपर्ने अवस्थामा मान्य हुँदैन । यस्तो असङ्गतिले कम्पनीहरूमाझ लेखापरीक्षणको प्रतिवेदन बनाउनु नपर्ने भन्ने व्यहोराको सन्देश प्रवाह हुन जान्छ जसले अन्ततः आन्तरिक राजस्व विभागमा बुझाउनु पर्ने जरिवानाको परिमाणलाई ठूलो बनाइदिन्छ । यो प्रावधान आफैँमा एक सराहनीय प्रावधान भएता पनि नेपालका अन्य विद्यमान ऐनका प्रावधानहरूले यो प्रावधानलाई विवादस्पद बनाइदिन्छ ।

## सुझाव

साना उद्यमहरूका लागि अनुपालनाको लागत घटाउने सम्बन्धमा, यो ऐन र आयकर ऐनको सङ्गति हुनुपर्दछ ।